# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/२८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------------

जिल्ला रुपन्देही तत्कालिन मानपकडी गाउँ विकास समितिका गा.वि.स.सचिव शालिकराम भट्टराईले आर्थिक बर्ष ०६५/०६६ देखि आर्थिक बर्ष ०७०/०७१ सम्म सामाजिक सुरक्षा भत्ता वितरण गर्दा गलत भरपाई तयार गरी मृत्यू भईसकेका व्यक्तिको समेत सामाजिक सुरक्षा भत्ता निकाली अनियमितता गरेको भन्ने बिषयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, निज गा.वि.स.सचिव शालिकराम भट्टराईले आफैले मृत्युदर्ता प्रमाण-पत्र जारि गरिसकेका व्यक्तिहरुको नाममा आर्थिक बर्ष ०६५/०६६ देखि आर्थिक बर्ष ०७०/०७१ सम्म प्रत्येक आर्थिक बर्षमा झुठ्ठा लगत खडा गरी सामाजिक सुरक्षा भत्ता वितरण भएको भरपाई तयार गरी उक्त सामाजिक सुरक्षा भत्ता वापतको रकम वदनियतपुर्वक हिनामिना गरी आफुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको तथा सामाजिक सुरक्षा भत्ता लगत रजिष्टरमा नामहरु पुनः उल्लेख गरेको र आफू अन्यत्र सरुवा भई जाँदा उक्त भरपाई कागजातहरु बर वुझारथ नगरी बदनियतपूर्वक आफू विरुद्दका प्रमाणहरु समेत लोप गराउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र १२ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निज राष्ट्रसेवक शालिकराम भट्टराईलाई रु.१,०२,५००।-(एक लाख दुई हजार पाँचसय) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम दण्ड सजाय तथा विगो असुल उपर हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र १२ द्वारा परिभाषित कसूरको हकमा सोही ऐनको दफा ९ र १२ बमोजिम थप सजाय हुन समेत मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता